मध्यपश्चिमाञ्चल विश्वविद्यालय

# परीक्षा व्यवस्थापन कार्यालय

पत्र संख्या :-

चलानी नं. :- मिति :

## परीक्षा आवेदन फारम भर्ने सूचना

(मिति २०७८/०८/२०)

मध्यपश्चिमाञ्चल विश्वविद्यालय, परीक्षा व्यवस्थापन कार्यालयद्वारा निम्नानुसार संकाय अन्तर्गत तपसिलका तह र सेमेस्टरको लागि लिइने सत्रान्त परीक्षाको परीक्षा फारम खुलाइएको छ । सम्बन्धित विद्यार्थीहरुले आफू अध्ययन गरेको क्याम्पसमा आफ्नो परीक्षा फारम भरी बुझाउनुहोला । परीक्षा फारम www.muexam.edu.np को Online Exam form बाट अनलाइन भरी सबै विद्यार्थीहरुले आफ्नो परीक्षा फारम भौतिक रुपमा पनि क्याम्पसमा बुझाउनुहोला ।

| संकाय | तह | विशिष्टिकरण | सेमेस्टर |
|---|---|---|---|
| इन्जिनियरिङ्ग | स्नातक | BE.Civil / Computer/ Hydropower | प्रथम |

पुनश्चः

१) सत्रान्त परीक्षामा उक्त सेमेस्टरको नियमित एवम् आंशिक तर्फका परीक्षार्थीहरुले परीक्षा फारम भर्न सक्नेछन् ।

२) परीक्षा फारम मिति २०७८ मंसिर २० गते देखि २०७८ पौष ०५ गते सम्म नियमित शुल्क र २०७८ पौष ०६ गते देखि पौष ०९ गते सम्म अतिरिक्त शुल्क तिरी भर्नु पर्ने छ ।

३) सम्बन्धित क्याम्पसले मिति २०७८ पौष १३ गते साँझ ४:०० बजे सम्म परीक्षा फारम परीक्षा व्यवस्थापन कार्यालयमा बुझाइसक्नु पर्ने छ ।

४) परीक्षा फारम पठाउदा परीक्षा फारम बमोजिमको विषय अनुसार छुट्टा छुट्टै वर्णानुक्रम अनुसार विद्यार्थी विवरण र निजहरुले परीक्षा दिने विषयमा स्पष्ट हुने गरी छुट्टै विवरण ई-कपी समेत संलग्न गरी पठाउनु पर्ने छ ।

५) कुनै पनि परीक्षार्थीले परीक्षा आवेदन फारममा कुनै विषय उल्लेख गर्न छुट गरेमा वा बिगारेमा क्याम्पस प्रमुखको सिफारिसमा परीक्षा सञ्चालन हुनुभन्दा कम्तिमा ३ दिन अघि प्रति विषय रु. ४००/- ( अक्षरुपी चारसय मात्र ) शुल्क तिरी परीक्षा व्यवस्थापन कार्यालय बाट आवश्यक संशोधन गर्न सकिने छ ।

६) कुनै पनि परीक्षार्थीले परीक्षा आवेदन फारममा कुनै विषय उल्लेख गर्न छुट गरेमा निजलाई त्यस विषयको परीक्षामा सामेल गराइने छैन ।

७) परीक्षा फारम परीक्षा व्यवस्थापन कार्यालयमा बुझाउदा सो बापत नियमानुसार लाग्ने रकम सम्बन्धित क्याम्पसले एकमुष्ट रुपमा जम्मा गरेको बैंक भौचरको सक्कलै प्रति पनि पेश गर्नुपर्ने छ ।

२०७८-०८-२०

डा. आनन्द प्रसाद सुवेदी

परीक्षा व्यवस्थापन प्रमुख